# गरुडा नगरपालिका सुरक्षित आप्रवासन सम्बन्धी कार्यविधि, २०८०

नगर कार्यपालिकाको कार्यालय

गरुडा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय,
गरुडा, रौतहट,
मधेश प्रदेश,
नेपाल

# गरुडा नगरपालिका सुरक्षित आप्रवासन सम्बन्धी कार्यविधि २०८०

स्वीकृत मिति:२०८०। ११।१८गते

**प्रस्तावना :**

नेपालको संविधान २०७२ को अनुसूची ८ को खण्ड ५,६,७ र १७ मा भएको व्यवस्था वमोजिम स्थानीय तहको क्षेत्राधिकार र स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ३ कोदफा ११ को उपदफा "थ" मा भएको व्यवस्था वमोजिम स्थानीय सरकारलाई प्राप्त जिम्मेवारी पुरा गर्न, एकीकृत श्रम तथा रोजगार सेवा (सञ्चालन तथा ब्यबस्थापन) कार्यबिधी, २०८० र सुरक्षित आप्रवासन कार्यक्रम सञ्चालन मार्गदर्शन, २०७९ को दफा १६, २३, ३६ लगायतमा भएको व्यवस्था अनुसारको सेवा प्रवाह गर्न, तथा आफ्नो भौगोलिक क्षेत्रभित्र वैदेशिक रोजगारसँग सम्बन्धित तथ्यांक संकलन गर्न, वैदेशिक रोजगारमा जान चाहने व्यक्तिहरुलाई आवश्यक सूचना तथा परामर्श सेवा प्रवाह गर्न, सीप तालिममा पहुँच बढाउन, वैदेशिक रोजगारका कारण ठगी लगायतका समस्यामा परेका आप्रवासी कामदारहरुको न्यायमा सहज पहुँच बढाउन, वैदेशिक रोजगारका कारण उत्पन्न मनोसामाजिक समस्यामा रहेका आप्रवासी कामदार तथा तिनका परिवारका सदस्यहरुलाई मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउन साथै रोजगारीका लागि पटक(पटक वैदेशिक रोजगारीलाई नै दोहोर्याउनु पर्ने बाध्यतालाई कम गर्न, विप्रेषणको अधिकतम् सदुपयोग एवं आयमुलक क्षेत्रमा परिचालनका लागि वित्तीय साक्षरता कार्यक्रम संचालन गरी यस क्षेत्रको व्यवस्थापन गर्न र सामाजिक पुन:एकिकरणसँग सम्बन्धित कार्यक्रम सञ्चालन गरी स्वदेशमा नै रोजगारीका अवसरहरु सिर्जना गरी बाध्यात्मक वैदेशिक रोजगारीलाई अन्त्य गर्न वाञ्छनीय भएकोले गरुडा नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७९ को दफा ४ बमोजिम गरुडा नगरपालिकाले "सुरक्षित आप्रवासन सम्बन्धी कार्यविधि २०८०" स्वीकृत गरी लागू गरिएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम 'गरुडा नगरपालिका सुरक्षित आप्रवासन सम्बन्धी कार्यविधि, २०८०' रहेको छ ।

(२) यो कार्यविधि नगरकार्यपालिकाबाट स्वीकृत भइ स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि लागू हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "आप्रवासी स्रोत केन्द्र" भन्नाले वैदेशिक रोजगार सम्बन्धी सूचना तथा परामर्श सेवाका साथै वैदेशिक रोजगार सम्बन्धी अन्य विशिष्टिकृत सेवा प्रदान गर्ने केन्द्रलाई सम्झनु पर्छ ।

(ख) "उपशाखा वा इकाई" भन्नाले यस गरुडा नगरपालिकाको संगठनात्मक संरचना अन्तरगत रहेको आर्थिक विकास शाखा अन्तरगत रहेको रोजगार उपशाखा/इकाई लाई सम्झनु पर्छ ।

(ग) "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४ लाई सम्झनु पर्छ ।

(घ) "कार्यविधि" भन्नाले गरुडा नगरपालिका सुरक्षित आप्रवासन सम्बन्धी कार्यविधि,२०८० लाई सम्झनु पर्छ ।

(ङ) "बोर्डको सचिवालय" भन्नाले वैदेशिक रोजगार बोर्डको सचिवालयलाई सम्झनु पर्छ ।

(च) "संघिय मन्त्रालय" भन्नाले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयलाई सम्झनु पर्छ ।

(छ) 'प्रदेश मन्त्रालय' भन्नाले मधेश प्रदेशको बैदेशिक रोजगार बिषय सम्बन्धी हेर्ने मन्त्रालय सम्झनु पर्दछ ।

(ज) "मोड्युल" भन्नाले वित्तीय साक्षरता, मनोसामाजिक परामर्श सेवा, सीप तालिम, उद्यम विकास लगायतको सेवाहरु प्रवाह गर्नको लागि सम्बन्धित नगरपालिकाले तयार गरी लागू गरेको मोड्युलहरुलाई वा अरु कुनै संस्थावा निकायले तयार गरेको तर सो लाई लागु गर्न नगर कार्यपालिकाको कार्यालयबाट स्वीकृत भएको मोड्युलहरुलाई सम्झनु पर्छ ।

(झ) "नगरपालिका" भन्नाले गरुडा नगरपालिकालाई सम्झनु पर्छ ।

(ञ) "विभाग" भन्नाले वैदेशिक रोजगार विभागलाई सम्झनु पर्छ ।

(ट) "सम्बन्धित निकाय" भन्नाले वैदेशिक रोजगार सम्बन्धी विशेष सेवा प्रवाह गर्ने निकायहरु वैदेशिक रोजगार विभाग, वैदेशिक रोजगार बोर्डको सचिवालय, कन्सुलर सेवा विभाग, गन्तब्य मुलुकमा रहेका नेपाली दुतावास र श्रम, रोजगार तथा समाजिक सुरक्षा मन्त्रालय साथै यस क्षेत्रसँग सम्बन्धित अन्य सरकारी निकायहरुलाई सम्झनु पर्छ ।

(ठ) "सेवा प्रदायक र विशेषज्ञ" भन्नाले यस स्थानीय तह द्वारा सार्वजानिक खरिद प्रक्रिया मार्फत परामर्श सेवा खरिद गरी वैदेशिक रोजगारी सम्बन्धि सूचना तथा परामर्श, सीप तालिम, कानुनी सेवा, वित्तीय साक्षरता, मनोसामाजिक परामर्श वा उद्यम विकासको क्षेत्रमा सेवा प्रवाहका लागि परिचालन गरेको व्यक्ति वा संस्थालाई सम्झनु पर्छ ।

## परिच्छेद-२
## कार्यविधिको उद्देश्य

३. **कार्यविधिको उद्देश्यः** यस कार्यविधिका उद्देश्यहरु देहाय बमोजिम हुनेछ :

(क) यस स्थानीय तहबाट वैदेशिक रोजगारमा जान चाहने युवाहरुको वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र अधिक लाभदायक बनाउनका लागि सहयोग पु(याउने ।

(ख) वैदेशिक रोजगारमा संलग्न व्यक्तिका परिवार र वैदेशिक रोजगारबाट फर्केर आएका व्यक्तिलाई लक्षित कार्यक्रम तर्जुमा गर्ने र सो कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने ।

(ग) वैदेशिक रोजगार सँग सम्वन्धित कार्यक्रमहरुस्थानीय तह स्यमले वा अन्य स्थानीय तह, प्रदेश सरकार, संघीय सरकार तथा सम्बन्धित साझेदार संस्थारनियोगहरुसँको सहकार्य तथा साझेदारीमा कार्यक्रम संचालन गर्ने ।

(घ) वैदेशिक रोजगारमा जानेरगएका व्यक्ति र तिनका परिवार तथा विदेशबाट फर्केर आएका व्यक्तिलाई लक्षित गरी यस नगरपालिकाले अन्य स्थानीय तहसंगको समन्वयमा जिल्ला प्रशासन कार्यालय हाता भित्र आप्रवासी श्रोत केन्द्र स्थापना तथा संचालन गरी आवश्यक सूचना तथा परामर्श लगायतका सेवाहरु प्रवाह गर्ने । यस नगरपालिकाले आफ्नो पालिकामा सञ्चालित प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगतको रोजगार सेवा केन्द्रबाट आफ्नो पालिका क्षेत्र भित्रका लक्षित सेवाग्राहीलाई सो सम्बन्धी सेवाहरु प्रवाह गर्ने ।

(ङ) संघिय तथा प्रदेश मन्त्रालय, विभाग र वोर्डको सचिवालय र सीप तालिम प्रदान गर्ने निकायहरु, मनोसामाजिक परामर्श सेवा तथा वित्तीय साक्षरताको क्षेत्रमा विज्ञता भएका संस्थाहरुसँग समन्वय तथा सहकार्यलाई बढावा दिई कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने र

(च) वैदेशिक रोजगारसँग सम्बन्धित संचालन भएका कार्यक्रम तथा गतिविधिहरुका प्रभावकारी कार्यान्वयन तथा अनुगमन गरी यस क्षेत्रको दीगो रुपमा व्यवस्थापन गर्ने ।

(छ) संघिय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयबाट स्थानीय तहका लागि जारी गरिएको एकीकृत श्रम तथा रोजगार सेवा (सञ्चालन तथा ब्यबस्थापन) कार्यबिधी २०८० ले तय गरेको सेवा प्रणाली स्थापना गरि नियमितता दिदै जाने ।

(ज) आप्रवासी कामदार तथा तिनका परिवारको सदस्यको अधिकार सुनिश्चित गर्न र समग्र आर्थिक विकासका लागी उनीहरुको संगठनर संस्थारसहकारी बनाइ संस्थागत विकास गर्ने तथा वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित, व्यवस्थित तथा लाभदायी बनाउन आवस्यकता अनुसार परिचालन तथा सहयोग, सहकार्य गर्ने

नगर कार्यपालिकाको कार्यालय

## परिच्छेद-३
## योजना तर्जुमा,तथा कार्यक्रम सञ्चालनका क्षेत्रहरु

**४. सुरक्षित आप्रवासन सम्बन्धी तथ्यांक संकलन, योजना तर्जुमा तथा कार्यान्वयन :**

(१) वैदेशिक रोजगार सम्बन्धी तथ्यांक संकलन तथा व्यवस्थापन देहाय बमोजिम गरिने छ ।

(क) नगरपालिकाले आफ्नो भौगोलिक क्षेत्रभित्रको वैदेशिक रोजगारसँग सम्बन्धित समग्र तथ्यांक संकलन गर्ने छ । उक्त कार्यको लागि स्थानीयले गणक नियुक्त गरेर वा नगरपालिकामा कार्यरत रहेका रिटनी स्वयंसेवक परिचालन गरिनेछ ।

(ख) वैदेशिक रोजगारबाट फर्केर आएका व्यक्तिहरुलाई रिटनी स्वयंसेवकको परिचालन गरी तथ्याङ्क सङ्कलन एवं सुरक्षित वैदेशिक रोजगार सम्बन्धी सूचना प्रवाह गरिनेछ । स्वयंसेवक परिचालन तथा व्यवस्थापन नगरपालिकाको सामाजिक विकास शाखा अन्तरगत रहेको श्रम तथा रोजगार उपशाखाले गर्नेछ ।

(ग) नगरपालिकाले तथ्यांक सङ्कलन गर्दा हाल वैदेशिक रोजगारमा रहेको संख्या, सीप तालिम लिनेको सङ्ख्या तथा सूचनामा आप्रवासी कामदारको पहूँच, रेमिट्यान्स प्राप्ति तथा सो को उपभोग र उपयोग सम्बन्धी विवरण, सामाजिक लागत सम्बन्धिका जानकारीहरु र आप्रवासी कामदारहरूले सामना गर्नु परेको समस्या (सम्पूर्ण आप्रवासन चक्रमा) लगायतका विषयहरु समेटिनेछ ।

(घ) वैदेशिक रोजगारबाट फर्केर आएका व्यक्तिहरुको संख्या, उनीहरुले आर्जन गरेका सीप, दक्षता तथा पुँजी र उनीहरुद्वारा सञ्चालित उद्यम तथा व्यवसाय लगायतको विवरणहरु संकलन गरी वैदेशिक रोजगार सम्बन्धी वस्तुगत विवरण तयार गरिनेछ ।

(ङ) नगरपालिकाले सङ्कलन गरेको तथ्यांक तथा वस्तुगत विवरणको आधारमा यस क्षेत्रको प्रभावकारी व्यवस्थापनको लागि वार्षिक तथा आवधिक योजना तर्जुमा र बजेट व्यवस्था गरी कार्यक्रमहरु दिगो रुपमा सञ्चालन गरिनेछ ।

(२) सुरक्षित आप्रवासन सम्बन्धी सुचना, परामर्श तथा सेवा केन्द्र सञ्चालन देहाय बमोजिम हुनेछ :

(क) आप्रवासी स्रोत केन्द्र र रोजगार सूचना केन्द्र सञ्चालन तथा व्यवस्थापन :

१. नगरपालिकाले वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादितर शोषणरहित बनाउन वैदेशिक रोजगारीमा जान चाहने व्यक्तिलाई सुरक्षित वैदेशिक रोजगार सम्बन्धि सूचना तथा परामर्श सेवा प्रदान गर्न आप्रवासी श्रोत केन्द्र र रोजगार सूचना केन्द्र स्थापना गरि सञ्चालन गरिनेछ ।

२. नगरपालिका आफैले वा जिल्ला भित्रका अन्य स्थानीय तहहरुसँगको समन्वय तथा साझेदारीमा जिल्ला प्रशासन कार्यालयको हाता भित्र आप्रवासी स्रोत केन्द्र स्थापना गरी जिल्लाका सबै स्थानीय तहहरुबाट वैदेशिक रोजगारमा जानको लागि राहदानी बनाउन आउने सेवाग्राहीहरुलाई सीप तालिम तथा सुरक्षित वैदेशिक रोजगार सम्बन्धी सूचना तथा परामर्श लगायतका सेवाहरु प्रदान गरिनेछ । वा यस नगरपालिकाले प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगतको रोजगार सेवा केन्द्रबाट आफ्नो नगरपालिका क्षेत्र भित्रका लक्षित सेवा ग्राहीहरुलाई सुरक्षित वैदेशिक रोजगार सम्वन्धि सेवाहरु प्रवाह गर्ने छ । यसरी सञ्चालन गरिने आप्रवासी स्रोत केन्द्रले राष्ट्रिय आप्रवासी स्रोत केन्द्र सँग समन्वय गरी सेवा प्रदान गर्ने छ तथा अनुसूची १ अनुसारको पूर्वाधारको व्यवस्था गर्नु पर्नेछ ।

३. आप्रवासी श्रोत केन्द्र र रोजगार सेवा केन्द्र मार्फत वैदेशिक रोजगारको सिलसिलामा नेपालभित्र वा गन्तव्य मुलुकमा समस्यामा परेका आप्रवासी कामदार तथा तिनका परिवारहरुलाई सहज न्याय, क्षतिपूर्ति, आर्थिक सहायता, राहत र उद्दारका लागि सम्बन्धित निकायहरुसँग समन्वय, तथा सहकार्यमा आवश्यक सहजिकरण गरिनेछ ।

४. आप्रवासी स्रोत केन्द्रले सूचना प्रवाहलाई व्यापकता दिनको लागि संचार मध्यमहरुसँग समन्वय तथा सहकार्य गर्ने छ ।

५. आप्रवासी स्रोत केन्द्र सञ्चालन तथा व्यवस्थापनका लागि न्यूनतम मापदण्ड एवं पूर्वाधारहरू **अनुसूची- १** बमोजिम व्यवस्था गरिने छ । उक्त स्रोत केन्द्रले प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतको रोजगार सूचना केन्द्रसँग सूचना प्रवाह, सीप तालिममा सहजिकरण, सूचना आदान प्रदान लगायतका क्षेत्रमा निकटतम् समन्वय र सहकार्य गरी कार्य सञ्चालन गरिनेछ ।

६. आप्रवासी स्रोत केन्द्रमा २ जना (कम्तिमा १ जना महिला सहित) सूचना तथा परामर्शकर्ता नियुक्त गरी परिचालन गरिनेछ ।

७. आप्रवासी स्रोत केन्द्र मार्फत सूचना तथा परामर्श सेवा प्रवाहको लागि **संघीय तथा प्रदेश सरकारले निर्धारण गरेको** परामर्शकर्ताको लागि सहयोगी हाते पुस्तिका तयार गरि कार्यान्वयन गरिनेछ वा अन्य निकायले तयार गरेको हाते पुस्तिका नगरकार्यपालिकाको कार्यालयबाट स्वीकृत गरि लागु गरिनेछ ।

(ख) रिटनी परिचालन :

१. नगरपालिकाले सुरक्षित आप्रवासन सम्बन्धी सूचना प्रवाह गर्नकालागि प्रत्येकवडामा १/१ जनाका दरले वैदेशिक रोजगारमा गई फर्कीएका

रिटनीहरू परिचालन गरिनेछ । सो को लागि वैदेशिक रोजगारमा कम्तीमा २ वर्ष काम गरी फर्केका महिला तथा पुरुषहरुलाई सम्बन्धित वडाहरुमा आंशिक वा पूर्णकालिन कर्मचारीका रुपमा रिटनीहरु परिचालन गरिनेछ ।

२. रिटनीहरुको काम कर्तव्य र अधिकार निम्न वमोजिम हुनेछ ।

अ) नगरपालिका क्षेत्र भित्रका गाउँ तथा वस्ती स्तरमा सुरक्षित वैदेशिक रोजगारका लागि आवश्यक आधारभूत सूचना सम्प्रेषण गर्ने ।

आ) वैदेशिक रोजगार सम्बन्धी ठगि, उद्दार लगायतका समस्याहरु पहिचान गरी थप विशिष्टिकृत सेवाको लागि आप्रवासी स्रोत केन्द्रमा सिफारिस गरी पठाउने ।

इ) स्थानीय विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई सुरक्षित वैदेशिक रोजगार सम्बन्धी अभिमुखिकरण गर्ने ।

ई) सम्वन्धित स्थानीय तहको वैदेशिक रोजगार सम्बन्धी तथ्याङ्क सङ्कलन गर्ने तथा सो को अभिलेख व्यवस्थापन गर्न सहयोग पुर्याउने ।

उ) नगरपालिकाको बार्षिक योजना निर्माण तथा कार्यान्वयनमा आवश्यक सहयोग गर्ने ।

(ग) समुदाय स्तरमा सचेतनामुलक कार्यक्रम :

१. नगरपालिकाले वैदेशिक रोजगारलाई सुरक्षित तथा व्यवस्थित गर्नका लागि समुदायस्तरमा गठन भई क्रियाशिल रहेका सामुदायिक समुहहरुमा वा वैदेशिक रोजगारमा जानका लागि प्रक्रियामा रहेका सम्भावित आप्रवासी कामदारहरुलाई वैदेशिक रोजगारको प्रक्रियामा हुन सक्ने सम्भावित जोखिम र सुरक्षाका उपायाहरुको बारेमा सूचना दिनकोलागि अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

२. समुदाय अभिमुखिकरण कार्यक्रम सञ्चालनका लागि नगरपालिकाले मोड्युल तयार गरी लागु गर्नेछ वा अन्य निकायले तयार गरेको मोड्युललाई नगरकार्यपालिकाको कार्यालयबाट स्वीकृत गरि लागु गरिनेछ ।

३. नगरपालिकाले समुदायस्तरमा अभिमुखीकरणको अला वा नगरकार्यपालिकाको कार्यालय तथा वडा कार्यालयद्वारा आवश्यकता अनुसारका सचेतनामुलक कार्यक्रमहरु (संदेश मुलक सडक नाटक, होर्डिंग बोर्ड आदि) निर्माण गरी समुदाय स्तरमा प्रचार प्रसार गरिनेछ ।

नगर कार्यपालिकाको कार्यालय

(३) सीप तालिम सञ्चालन तथा सहजिकरण देहाय बमोजिम गरिनेछ :

(क) वैदेशिक रोजगारमा जान चाहने सम्भावित आप्रवासी कामदारहरुको लागि वैदेशिक रोजगारमा रहँदा गर्नुपर्ने कामसँग सम्बन्धित सीप तालिम प्रदानको लागि वैदेशिक रोजगार वोर्डको सचिवालय, प्रदेश सरकार तथा नेपाल सरकारको प्राविधिक शिक्षा तथा ब्यावसायिक तालिम परिषद( CTEVT) द्वारा मान्यता प्राप्त तालिम प्रदायक संस्थाहरुसँगको समन्वय र सहकार्यमा सीप तालिम सञ्चालन तथा व्यवस्थापन गरीनेछ ।

(ख) सीप विकास तालिम संचालन गर्दा गन्तव्य मुलुकको आवश्यक्ता तथा मापदण्ड अनुरुप तयार भएका पाठ्यक्रम को प्रयोग गरीने छ । तथा आबश्यकता अनुसार नगरपालिका स्वयंले नेपाल सरकारको प्राविधिक शिक्षा तथा ब्यावसायिक तालिम परिषद (CTEVT), वैदेशिक रोजगार बोर्डको सचिवालयर तालिम प्रदायक संस्थाहरुसँगको समन्वय र सहकार्यमा पाठ्यक्रमनिर्माण गरी तालीम कार्यक्रम संचालन गर्न सकिने छ ।

(४) न्यायमा सहजिकरण देहाय बमोजिम गरिनेछ :

(क) वैदेशिक रोजगारको क्रममा हुने ठगी, बेपत्ता, अलपत्र, राहतरआर्थिक सहायता प्राप्ति तथा उद्दार लगायतका समस्याहरुमा आवश्यक सहयोगको लागि आप्रवासी स्रोत केन्द्ररोजगार सूचना केन्द्र मार्फत सहजिकरण गरिनेछ ।

(ख) त्यस्ता समस्याहरुमा सहजिकरणका लागि समस्याको प्रकृति अनुसार जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, वैदेशिक रोजगार विभाग, वैदेशिक रोजगार न्यायाधिकरण, श्रम कन्सुलर, गन्तब्य स्थित नेपाली दुताबास र यस क्षेत्रमा क्रियाशील संघ संस्था लगायतका निकायहरुसँग प्रभावकारी समन्वय तथा सहकार्यमा जोड दिइनेछ ।

(ग) वैदेशिक रोजगारसँग सम्बन्धित ठगीका समस्याहरु समाधान गर्न न्यायिक समितिले जिल्ला प्रशासन कार्यालय तथा अधिकार प्राप्त निकायहरुसँग समन्वय तथा सहकार्य गर्ने छ ।

(५) वित्तीय साक्षरता सम्बन्धी कार्यक्रम देहाय बमोजिम सञ्चालन गरिनेछ :

(क) वैदेशिक रोजगारबाट प्राप्त विप्रेषण रकमको उचित व्यवस्थापन तथा आय मुलक क्षेत्रमा परिचालन गरी स्वरोजगारका अवसरहरु सिर्जना गर्न र चक्रीय रुपमा वैदेशिक रोजगारमा गईरहनुपर्ने वाध्यताको अन्त्यका लागि विप्रेषण प्राप्त गर्ने परिवारका सदस्यहरुका साथै वैदेशिक रोजगारीमा जाने संभावित युवाहरूलाई व्यक्तिगत तथा समुहहरु गठन गरी वित्तीय साक्षरता कक्षा सञ्चालन गरिनेछ ।

नगर कार्यपालिकाको कार्यालय

(ख) वित्तीय साक्षरता कक्षा सञ्चालनको लागि वैदेशिक रोजगार बोर्ड, वित्तीय संस्थाहरु तथा सोसँग सम्बन्धित विज्ञता हासिल गरेका संस्थाहरुसँग आवश्यकाता अनुसार समन्वय तथा सहकार्य गरिनेछ ।

(ग) वित्तीय साक्षरता कक्षा पश्चात सहभागीले कक्षामा बचत बृद्धि, फजुल खर्चको नियन्त्रण, पारिवारीक बजेट निर्माण, व्यसायिक क्षेत्रको पहिचान, योजना निर्माण र वित्तीय अनुशासनका क्षेत्रमा विस्तृत अध्ययन गरी आयमुलक गतिविधिहरुमा संलग्न हुन सक्ने तुल्याइनेछ ।

(घ) वित्तीय साक्षरता कक्षा सञ्चालन तथा व्यवस्थापनका लागि वित्तीय साक्षरता सहजकर्ता नियुक्ति गरी परिचालन गर्न सकिनेछ ।

(च) शुरुवातको चरणमा उक्त सेवालाई प्रभावकारी रुपमा व्यवस्थापन गर्न, सहजकर्ताको क्षमता विकास गर्न र कक्षा संचालनका लागि सिकाई सामाग्री बिकास गर्न विज्ञ व्यक्ति र संस्थाको सेवा खरिद गरी विशेषज्ञ सेवा लिन सकिनेछ । उक्त कार्यको लागि मोड्युल तयार गरि लागू गरिनेछ वा अन्य निकायले तयार गरेको मोड्युललाई नगर कार्यपालिकाको कार्यालयबाट स्वीकृत गरि लागु गरिनेछ ।

(६) सीपको पहिचान, उपयोग तथा उद्यमशिलता विकास कार्यक्रम देहाय बमोजिम सञ्चालन गरिनेछ :

(क) वैदेशिक रोजगारबाट फर्केर आएका व्यक्तिहरु तथा विप्रेषण प्राप्त गर्ने घर परिवारका सदस्यहरूलाई लक्षित गरी स्थानीय स्तरको सम्भाव्यता र सरोकारवाला व्यक्तिहरुको दक्षताको आधारमा योजना तर्जुमा गरी उद्यम विकास सम्बन्धी कार्यक्रम संचालन गरिनेछ ।

(ख) नगरपालिका क्षेत्रभित्र युवा लक्षित कार्यक्रम संचालनका लागि उद्यम विकास कोष स्थापना गरिनेछ । कोषको सञ्चालन कार्यपालिकाद्धारा स्वीकृत भएको कार्यविधि वमोजिम हुनेछ ।

(ग) कार्यक्रम निर्माण तथा संचालन गर्दा लक्षित वर्गको लागत सहभागिता तथा उत्पादनमा आधारित अनुदानको व्यवस्थालाई जोड दिइनेछ । जसका लागि आवश्यक मापदण्ड तयार गरिनेछ ।

(घ) विदेशबाट फर्केर आएका व्यक्तिहरुसँग भएको सीप तथा दक्षता सम्बन्धिको विवरणलाई संकलन गरी रोष्टर बनाई राखिनेछ ।

(ङ) उक्त विदेशबाट फर्किएर आएका जनशक्तिलाई दक्षता र आवश्यकताको आधारमा स्थानीय स्तरमा सञ्चालित विकास निर्माणको क्षेत्रमा परिचालन गरिनेछ ।

(च) वैदेशिक रोजगारको क्रममा सीप हासिल गरेका तर प्रमाण पत्र नभएका व्यक्तिहरुलाई लक्षित गरी सीप परीक्षण कार्यक्रम संचालन गरिनेछ । उक्त

सीप परीक्षणका कार्यक्रम संचालन गर्दा नेपाल सरकारको सम्बन्धित निकायहरु र अन्य विकास साझेदारहरुसँग पनि आवश्यक समन्वय र सहकार्य गर्न सकिनेछ ।

(७) मनोसामाजिक परामर्श सेवा देहाय बमोजिम हुनेछ :

(क) वैदेशिक रोजगारमा गएका व्यक्ति र निजका परिवारहरुलाई वैदेशिक रोजगारका कारण उत्पन्न मानसिक समस्यालाई सम्बोधन गर्नका लागि मनोसामाजिक परामर्श सेवा सम्बन्धी योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

(ख) मनोसामाजिक सेवा प्रवाहका लागि मनोसामाजिक परामर्शकर्ता नियुक्ति गरी परिचालन गरिनेछ ।

(ग) शुरुवातको चरणमा उक्त सेवालाई प्रभावकारी रुपमा व्यवस्थापन गर्न तथा मनोसामाजिक परामर्शकर्ताको क्षमता विकास गर्न विज्ञ व्यक्ति वा संस्थाको सेवा खरिद गरी विशेषज्ञ सेवा लिन सक्नेछ ।

(घ) प्रभावकारी मनोसामाजिक परामर्श सेवा सञ्चालनका लागि मनोसामाजिक परामर्श सेवा सम्बन्धी विशेषज्ञ व्यक्ति वा संस्था र निकायहरुसँगको समन्वय र सहकार्यमा कार्यक्रम तथा योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

(ङ) उक्त सेवालाई नगरपालिकाले क्रमशः आफ्नो स्वास्थ्य शाखामा आन्तरिकिकरण गर्दै लगिनेछ । सो सेवा संचालनका लागि आवश्यक मोड्युल सम्बन्धित विशेषज्ञहरुको सहयोगमा तयार गरी कार्यान्वयन गरिनेछ ।

(च) मनोसामाजिक परामर्शका लागि नगरपालिका क्षेत्रभित्र रहेका मानसिक स्वास्थ्यको क्षेत्रमा दक्षता हासिल गरेका व्यक्तिहरुको सूची तयार गरी आवश्यकता अनुसार परिचालन गर्नसकिनेछ ।

(छ) गम्भीर मनोसामाजिक समस्या भएका र आर्थिक हिसाबले कमजोर भएका व्यक्तिहरुलाई आवश्यक उपचार सहयोगको लागि सहयोग कोष स्थापना गरी तथा सञ्चालन गर्न सकिनेछ ।

(ज) वैदेशिक रोजगारसँग सम्बन्धित सामाजिक लागत न्यूनीकरणका लागि सम्बन्धित सरोकारवालाहरुसँगको समन्वय तथा सहकार्यमा थप कार्यक्रमहरु संचालन गरिने छ ।

(८) छात्रावृत्ति कार्यक्रम देहाय बमोजिम सञ्चालन गरिनेछ :

(क) नगरपालिका क्षेत्रभित्रबाट वैदेशिक रोजगारका क्रममा मृत्यु भई अविभावक गुमाएका, बेपत्ता भएका र अंगभंग भएका व्यक्तिका बालबालिकाहरुलाई छात्रावृत्ति सहयोग प्रदान गरिनेछ ।

(ख) बेपत्ता भएका व्यक्तिको हकमा ५ वर्ष देखि बेपत्ता भएका व्यक्तिका बालबालिकाहरुलाई समेटिनेछ ।

(ग) छात्रावृति प्रदान गर्दा वैदेशिक रोजगार बोर्डको सचिवालय मार्फत प्रदान गर्ने छात्रवृत्ति सहयोगले नसमेटिएका बालबालिकाहरुको लागि मात्र व्यवस्था गरिनेछ ।

(घ) छात्रावृत्ति सहयोगलाई दुई तहमा विभाजन गरी प्रदान गरिने छ । जस अनुसार आधारभूत तहका बालबालिकालाई वार्षिक ८ हजार र माध्यमिक तहका बालबालिकालाई बार्षिक १२ हजारका दरले छात्रावृत्ति प्रदान गरिनेछ ।

(ङ) छात्रवृत्ति प्रदान गर्दा सरकारी, सामुदायिक तथा संस्थागत विद्यालयमा अध्ययनरत १८ बर्ष सम्मका विद्यर्थीहरुलाई प्रदान गरिनेछ ।

(च) छात्रवृतिका लागि आवेदन दिदा नगरपालिका क्षेत्रभित्रको विद्यालयमा अध्ययनरत भएको र सम्बन्धित वडा कार्यालयले वैदेशिक रोजगारमा गई मृत्यु तथा अंगभंग, बेपत्ता भएको प्रमाण सहित नगरपालिकामा गरेको सिफारिस पत्र पेश गर्नुपर्नेछ ।

(छ) प्राप्त निवेदनहरुलाई नगरपालिकाले आवश्यक छानविन गरी छात्रावृत्ति प्रदान गर्नेछ । निवेदनको आवश्यक ढाँचा तथा फारमहरुको नमुना नगरपालिकाले तयार गरि कार्यान्वयनमा ल्याउनेछ ।

(९) अन्तरक्रिया तथा छलफल कार्यक्रम देहाय बमोजिम सञ्चालन गरिनेछ :

(क) वैदेशिक रोजगार बहु सरोकारको क्षेत्र भएकोले नगरपालिकाको एकल प्रयासले पूर्ण नहुने भएकोले वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित, मर्यादित र उपलब्धिमूलक बनाउन तथा वैदेशिक रोजगारबाट फर्किएर आएका व्यक्तिहरुको ज्ञान, सीपलाई प्रभावकारी रुपमा परिचालनका लागि आवश्यक वातावरण सिर्जना गर्न सम्बन्धित सरोकारवालाहरुसँग नियमित छलफल तथा अन्तरक्रिया कार्यक्रमको आयोजना गरिनेछ ।

(ख) नगरपालिकाको टोलटोलमा वैदेशिक रोजगारी सम्बन्धि छलफल, गोष्टि, तालिमको आयोजना गरी जनचेतना वृद्धि गरिने छ ।

(१०) संस्थागत विकासका लागि देहाय बमोजिमको कार्य गरिनेछ :

(क) आप्रवासी अधिकार संजाल गठन तथा सहयोग आप्रवासी तथा उनीहरुका परिवारको सदस्यहरुको हक अधिकारका लागि तथा सुरक्षित वैदेशिक रोजगारीका लागि आवाज उठाउन, दवाव दिन, पैरवी गर्न तथा जनचेतना फैलाउनका लागि वैदेशिक रोजगारीबाट फर्केका कामदार तथा लत वैदेशिक रोज्गारिसंग सम्बन्धित परिवारका सदस्यहरुको सहभागितामा आप्रवासी अधिकार सञ्जालको गठन गरि परिचालन गरिनेछ । आवश्यकता अनुसार सञ्जालको संस्थागत विकासका लागि दर्ताका लागि सहजीकरण गरिनेछ ।

(ख) आप्रवासीहरुको समग्र आर्थिक विकासका लागि आप्रवासी सहकारी संस्था गठनमा सहजीकरण तथा संस्थागत विकासका लागि आवश्यक सहयोग गरिनेछ ।

## परिच्छेद ४
## सम्बन्धित विषयगत शाखा निर्धारण तथा व्यवस्थापन समिति

**५. सम्बन्धित विषयगत शाखा निर्धारण :**

स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद-११, दफा ८३ बमोजिम कार्यपालिका एवं नगरसभाको निर्णय अनुसार छुट्टै श्रम तथा रोजगार शाखा/उपशाख/इकाई स्थापना गरेर वा स्थानीय शासन श्रोत पुस्तिका २०७४ (८.५.८ विषयगत योजना निर्माण तथा एकीकरण) अनुसार वैदेशिक रोजगारको क्षेत्रलाई आर्थिक विकास शाखा अन्तरगत श्रम तथा रोजगार उपशाखा/इकाई मार्फत आन्तरिक तथा वैदेशिक रोजगार सम्बन्धी कार्यक्रम सञ्चालन तथा व्यवस्थापन गरिने छ । उक्त शाखा/उपशाख/इकाइले अन्य शाखा र उपशाखाहरु/इकाईहरुसँग समन्वय गरी कार्यक्रम तर्जुमा, बजेट विनियोजन, कार्यक्रम कार्यन्वयन, अनुगमन र समीक्षा लगायतको कार्यहरु गर्नेछ । उक्त शाखाको संयोजन तथा उपशाखा/इकाई प्रमुखको जिम्मेवारी कार्यपालिकाले तोकेको अधिकृत स्तरको कर्मचारीले गर्नेछ ।

**६. गरुडा नगरपालिका सुरक्षित आप्रवासन व्यवस्थापन समिति : (१)** वैदेशिक रोजगारसँग सम्बन्धित सरोकारवालहरुसँग समन्वय गरी योजना निर्माण तथा प्रभावकारी कार्यान्वयन, निर्देशन र व्यवस्थापन लगायतका कार्य गर्न देहाय बमोजिमको गरुडा नगरपालिका सुरक्षित आप्रवासन व्यवस्थापन समिति रहने छ ।

(क) प्रमुख - अध्यक्ष
(ख) उपप्रमुख - सदस्य
(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य
(घ) इलाका प्रशासन कार्यालयको (अधिकृत स्तरको) प्रतिनिधि - सदस्य
(ङ) सामाजिक विकास समिति संयोजक - सदस्य
(च) आर्थिक विकास समिति संयोजक - सदस्य
(छ) स्वास्थ्य शाखा प्रमुख - सदस्य
(ज) सेवा प्रदायक संस्था (खरीद गरेको भएमा) - सदस्य
(झ) श्रम तथा रोजगार हेर्ने शाखा/उपशाखा/इकाई/ संयोजक/फोकल पर्सन - सदस्य सचिव

सुरक्षित आप्रवासन व्यवस्थापन समितिले आवश्यक ठानेका अन्य व्यक्ति तथा पदाधिकारीहरुलाई आमन्त्रण गर्न सक्नेछ ।

**७. गरुडा नगरपालिकका आप्रवासन सुरक्षित आप्रवासन व्यबस्थापन समितिको काम, कर्तव्य र अधिकारः** व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) वैदेशिक रोजगारसँग सम्बन्धित (विदेश जाने व्यक्ति, तिनका परिवार र फर्किएर आएका व्यक्तिहरुलाई लक्षित गरी) योजना तर्जुमा, बजेट व्यवस्थापन र कार्यान्वयनका लागि सम्बन्धित शाखालाई आवश्यक दिशानिर्देश गर्ने,

(ख) अन्य स्थानीय तहहरु, प्रदेश सरकार, संघीय सरकार अन्तरगतका मन्त्रालय, विभागर वोर्ड, सम्बन्धित साझेदार संस्था, विकास नियोग, तालिम प्रदायक संस्था तथा सरोकारवालाहरुसँग आवश्यक समन्वय र सहकार्य गर्ने,

(ग) आप्रवासी स्रोत  केन्द्रको व्यवस्थापन तथा संचालनका लागि आवश्यक सम्बन्धित निकायसँग समन्वय गर्नुका साथै उक्त स्रोत  केन्द्र प्रभावकारी सन्चालनका लागि आवश्यक दिशानिर्देश गर्ने वा स्थानीय तहको प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगतको रोजगार सेवा केन्द्र मार्फत सुरक्षित वैदेशिक रोजगार सम्बन्धिको सेवा प्रवाहको लागि आवश्यक कार्य गर्ने,

(घ) सूचना तथा परामर्श सेवा प्रवाह, वित्तीय साक्षरता, मनोसामाजिक परामर्श सेवा, सीप तालिम तथा समुदाय तहमा सचेतनामुलक गतिविधीहरु संचालन गर्न आवश्यक मोड्युल तयारीको लागि पृष्ठपोषण तथा सुझाव प्रदान गर्नेवा अन्य निकायले तयार गरेको निर्देशिका, मोड्युल  स्वीकार गरि लागु गर्न निर्णय गर्ने

(ङ) रोजगारीको लागि आवश्यक सीप तालिमको व्यवस्था गर्न, सीपयुक्त र ठगि मुक्त समुदाय घोषणा गर्न आवश्यक दिशा निर्देश गर्ने,

(च) निर्देशक समितिद्वारा कम्तिमा चौमासिक रुपमा आप्रवासी स्रोत  केन्द्र  लगायतको गतिविधिहरुको अनुगमन गरी समीक्षा गर्ने । साथै उपमेयररउपाध्यक्षको संयोजकत्वमा नियमित रुपमा अनुगमन कार्यलाई निरन्तरता दिने,

(छ) अन्य विषयगत शाखारसमितिहरुसँग वैदेशिक रोजगारसँग सम्बन्धित योजना निर्माण तथा कार्यान्वयनको लागि आवश्यक समन्वय तथा छलफल गर्ने,

(ज) आवधिक रुपमा बैठक बसी संचालित कार्यक्रमहरुको प्रगति समिक्षा गरी थप प्रभावकारीता अभिबृद्धिका लागि आवश्यक सल्लाह सुझाव तथा मार्गनिर्देश गर्ने,

(झ) सुरक्षित आप्रवासनसँग (वैदेशिक रोजगार व्यवस्थापन) सम्बन्धित कार्यपालिकाद्धारा प्रदत्त अन्य कार्यहरु गर्ने ।

(ञ) वडास्तरमा वडाध्यक्षको संयोजकत्वमा सुरक्षित आप्रवासन सम्बन्धी समिति गठन गरी सचेतनामुलक कार्यक्रमहरु संचालनको लागि दिसानिर्देश गर्ने ।

## परिच्छेद-५
## श्रोत तथा जनशक्ति व्यस्थापन

८. **श्रोत व्यवस्थापन :** संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान र स्थानीय तहको अन्तरिक श्रोतबाट कार्यक्रम सन्चालनको लागि आवश्यक बजेटको सुनिश्चित गरिनेछ । यसको साथै अन्य स्थानीय तहहरु, साझेदार संस्थारनियोग तथा दातृ निकाय, प्रदेश सरकार र संघीय सरकारसँगको बजेट साझेदारीतामा प्राप्त बजेटहरुलाई एकिकृत गरी कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गरिने छ ।

## ९. आवश्यक जनशक्ति व्यवस्थापन :

| पद | संख्या | तह | योग्यता तथा अनुभव |
|---|---|---|---|
| आप्रवासी श्रोत उपकेन्द्र परमर्शकर्ता | १ जना (महिलालाई प्राथमिकता) | पाँचौ | मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तिमा १)+२ वा प्रविणता प्रमाणपत्र तह उतिर्ण गरि सामाजिक परिचालन वा सुरक्षित वैदेशिक रोजगार क्षेत्रमा कम्तिमा १ वर्ष काम गरेको |
| मनोसामाजिक परामर्शकर्ता | आवश्यकता अनुसार | पाँचौ | ➢ मान्यताप्राप्त शैक्षिक संस्थाबाट हेल्थ असिस्टेन्ट, स्टाफ नर्स वा मान्यता प्राप्त विश्वद्यालयबाट पब्लिक हेल्थ, मनोविज्ञान, समाजशास्त्र, सोसिएल वर्कमा स्नातक तह, बि.एड.स्वास्थ्य शिक्षा, पोष्ट ग्राजुएट डिप्लोमा इन काउन्सेलिङ उत्तीर्ण गरेको ।<br>➢ राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रले स्वीकृत गरेको मनोसामाजिक परामर्श सम्बन्धी तालिम मोड्युल २०७७ जारी हुनु पूर्व तालिम प्राप्त गरेका उम्मेद्वारको सन्दर्भमा कम्तीमा पनि १०+२ कक्षा वा प्रविणता प्रमाणपत्र तह पास गरी मनोसामाजिक परामर्श सम्वन्धी ६ महिने तालिम प्राप्त गरेको हुनु पर्ने ।<br>➢ मनोसामाजिक परामर्श सम्बन्धी तालिम प्राप्त गरी वैदेशिक रोजगारको क्षेत्रमा अनुभवी र महिलालाई विशेष प्राथमिकता दिईनेछ । |
| वित्तीय साक्षरता सहजकर्ता | आवश्यकता अनुसार | पाँचौ | मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तीमा १०+२ वा प्रविणता प्रमाणपत्र तह उत्तीर्ण गरि २ वर्ष वित्तीय साक्षरता कक्षा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी अनुभव भई वैदेशिक रोजगारको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता । |
| रिटनी परिचालन | आवश्यकता अनुसार | श्रेणी विहीन | कक्षा १) उत्तीर्ण गरि वैदेशिक रोजगारका लागि मलेशिया वा खाडिमुलुकमा गई कम्तीमा २ वर्ष काम गरि फर्किएको हुनुपर्ने छ । सामाजिक परिचालन र समन्वय तथा सहजीकरण सम्बन्धि ज्ञान भएको । |

कर्मचारी भर्ना तथा नियुक्त गर्दा स्थानीय तहको कर्मचारी भर्ना सम्बन्धी निर्देशिका तथा नेपाल सरकारको समावेशी मापदण्डलाई अनुशरण गरिने छ । यस सन्दर्भमा हाल कार्यरत जनशक्तिहरुको क्षेत्रगत विज्ञता तथा दक्षताको आधारमा क्रमशः आन्तरीकिकरण गरी वैदेशिक रोजगारको क्षेत्र व्यवस्थापनलाई दिगो रुपमा संस्थागत गरिनेछ ।

## परिच्छेद-६
## विविध

**१०. समन्वय तथा सहकार्य :** वैदेशिक रोजगारीको क्षेत्र वहुसरोकारको विषय भएकोले अन्य स्थानीय तहहरु, प्रदेश सरकार,श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार बिभाग, वैदेशिक रोजगार बोर्डको सचिवालयतथा दातृ निकाय रविकास साझेदारहरुको सहकार्यमा सुरक्षित आप्रवासन सम्बन्धीकार्यक्रमहरु सञ्चालन गरिनेछ । साथैनगरपालिकाले सञ्चालन गरेका सेवाहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न जिल्ला समन्वय समिति, जिल्ला प्रशासन कार्यालय,जिल्ला शिक्षा समन्वय ईकाई, जिल्ला प्रहरी कार्यालय, विषयगत विशेषज्ञ संस्थाहरु, आप्रवासनको क्षेत्रमा काम गर्ने संघ, संस्थाहरु तथा अन्य सम्बन्धित निकायहरुसँगको समन्वय तथा सहकार्यलाई जोड दिदै सेवा प्रवाहलाई प्रभाकारी बनाईनेछ ।

**११. कार्यविधि संशोधन तथा खारेज गर्न सक्ने :** स्थानीय तहको कार्यपालिका वैठकको निर्णयानुसार आवश्यकता का आधारमा यो कार्यविधि संशोधन तथा खारेज गर्न सकिनेछ ।यस कार्यविधि कार्यान्वयनको क्रममा कुनै वाधा उत्पन्न भएमा नगररगाउँपालिका प्रमुखकले तत्काल स्थानीय तह स्तरीय सुरक्षित आप्रवासन सम्बन्धी निर्देशक समितिको बैठक राखी बाधा अडकाउ फुकाउन सक्नेछ । यस कार्यविधिमा उल्लेख भएका कुराहरु नेपालको प्रचलित कानुनसँग बाँझिएमा बाँझिएको हदसम्म स्वतः अमान्य हुनेछ ।

नगर कार्यपालिका कार्यालय

## अनुसूची- १
## आप्रवासी स्रोत उपकेन्द्र सञ्चालन तथा व्यवस्थापनका लागि न्यूनतम पूर्वाधार एवं मापदण्ड

(क) सेवाग्राही को सहज पहुच हुन सक्ने स्थानमा आवश्यक फर्निचर सहितको आप्रवासी श्रोत केन्द्रको कार्यालय रहने छ

(ख) आवश्यक कार्यालय सामग्री तथा कोठा

| क.सं. | सामग्री तथा उपकरण | सङ्ख्या |
|---|---|---|
| १ | सूचना तथा परामर्श कक्ष | १ |
| २ | कम्प्युटर वा ल्यापटप | आवश्यकता बमोजिम |
| ३ | फोटोकापी मेशिन (सकेन, फोटोकापी , प्रिन्ट) | आवश्यकता बमोजिम |
| ४ | टेलिभिजन स्क्रीन | आवश्यकता बमोजिम |
| ५ | प्रोजेक्टर | आवश्यकता बमोजिम |
| ६ | टेलिफोन र इन्टरनेट | आवश्यकता बमोजिम |
| ७ | फर्निचर (टेबुल,कुर्सि, दराज,सूचना पाटि आदि) | आवश्यकता बमोजिम |
| ८ | अन्य सामाग्री | आवश्यकता बमोजिम |

**प्रमाणिकरण गर्नेको :**
**सही :**
**नाम : कन्थमनी प्रसाद कल्वार**
**पद : सभाध्यक्ष (नगर प्रमुख)**
**प्रमाणीकरण मिति : २०८०।१२।१५**

नगर कार्यपालिकाको कार्यालय